# नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला, काठमाडौं
बागमती प्रदेश, नेपाल ।

फोन नं.: ४६७१७१६
४६७१७१७


प.सं.:- ०८०।८१

च.नं.:- ४४९५

मितिः २०८१/०३/१२

विषयः प्रचार प्रसार गरिदिने सम्वन्धमा ।

श्री वडा अध्यक्षज्यू
सवै वडा कार्यालय
नागार्जुन, नगरपालिका काठमाण्डौं ।

प्रस्तुत विषयमा, दिगो तथा सम्मानित रोजगारका लागि सीप परियोजना अन्तर्गत नागार्जुन नगरपालिका र औरियन्टल हस्पिटालिटी एण्ड टुरिजम् टेर्निङ सेन्टर प्रा.लि. नयां बानेश्वर काठमाण्डौं वीच भएको कार्यक्रम संझौता अनुसार उक्त संस्थावाट मिति २०८१/०३/१२ मा प्रकाशित सूचना अनुसार पेशागत कुक (Professional Cook) सम्वन्धी १० महिने (१६९६ घण्टे) तालिम ४० जना युवाहरुका लागि संचालन गर्न लागेकोले नागार्जुन नगरपालिकाका बेरोजगार युवाहरुलाई पहिलो प्राथमिकतामा राखी रिक्त रहेको स्थानमा मात्र अन्य सहभागी हुन पाउने भएकोले बेरोजगार युवाहरुको तालिम सञ्चालन सम्वन्धी यस अघि माग संकलन भएका व्यक्ति र अन्यलाई तोकिएको समय सिमा भित्र फारम भर्नको लागि प्रचार प्रसार गरी सहयोग गरिदिनुहुन प्रकाशित सूचना यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कृष्ण बहादुर कुँवर
उपसचिव

# सीपमूलक
## नि:शुल्क तालिमको सुवर्ण अवसर

नागार्जुन नगरपालिका तथा दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना (ENSSURE) को आर्थिक तथा प्राविधिक सहयोगमा यस ओरिएण्टल हस्पिटालिटी एण्ड टुरिजम् ट्रनिङ्ग सेन्टर प्रा.लि. नयांबानेश्वर, काठमाण्डौंमा ४० जना प्रशिक्षार्थीहरुको लागि सन्चालन हुन गईरहेको नि:शुल्क १० महिने (१६९६ कार्यघण्टा) पेशागत कुक (Professiona Cook) तह २ विषयको तालिम लिन इच्छुक देहाय वमोजिम योग्यता पुगेका व्यक्तिहरुले २०८१ असार ३१ गते आइतबार भित्रमा आवेदन दिनु हुन अनुरोध गरिन्छ ।

तालिम अवधिभर दैनिक यातायात तथा खाजा भत्ता बापत रु. १०० (एकसय मात्र) उपलब्ध गराईने छ ।

### तालिम सन्चालन हुने स्थान:

ओरिएण्टल हस्पिटालिटी एण्ड टुरिजम् ट्रनिङ्ग सेन्टर प्रा.लि. नयांबानेश्वर, काठमाण्डौं ।

### आवेदन फारम पाईने स्थानहरु:

- श्री नागार्जुन नगरपालिकाको कार्यालय तथा नगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरु र ओरिएण्टल हस्पिटालिटी एण्ड टुरिजम् ट्रनिङ्ग सेन्टर प्रा.लि. नयांबानेश्वर, काठमाण्डौं ।
- फारम वुझाउने अन्तिम मिति: २०८१ असार ३१ गते ।
- Orientation मिति: २०८१ श्रावण २ गते दिउसो ११:०० वजे ।
- अन्तरवार्ता मिति: २०८१ श्रावण ३ र ४ गते दिउसो ११:०० वजे ।
- नतिजा प्रकाशन मिति: २०८१ श्रावण ८ गते ।
- तालिम सुरु मिति: २०८१ श्रावण १० गतेबाट ।

### आवश्यक कागजाद तथा न्यूनतम योग्यता:

- ✓ २ प्रति पासपोर्ट साईजको फोटो, नागरिकता र शैक्षिक योग्यताको प्रतिलिपी
- ✓ उमेर १८ वर्ष पुरा भएका पुरुष तथा महिलाहरु ।
- ✓ यस अघि कुनै पनि नि:शुल्क व्यावसायिक तालिम नलिएको ।
- ✓ शैक्षिक योग्यता कम्तिमा ८ कक्षा उत्तीर्ण भएको ।
- ✓ व्यावसायिक कार्य गर्न मानसिक तथा शारिरीक रुपमा सबल ।
- ✓ महिला, दलित, विपन्न तथा पिछडिएका समुदायका व्यक्तिहरुलाई विषेश प्राथमिकता दिईने छ ।

थप जानकारीका लागि सम्पर्क
नम्बर : ९८०२३९३१८०

ENSSURE
Enhanced Skills for Sustainable and Rewarding Employment